सार्वजनिक निजी साझेदारीमा कार्य गर्नको लागि पोखरा महानगरपालिका, सानिसा इकाईमा पेश गरिएको परियोजना

# प्रस्तावना पत्र

(सानिसा प्रस्ताव पत्र नं ...)

# सराङ्गकोट पर्यटन पूर्वाधार विकास आयोजना

**प्रस्ताव आवेदन बुझाईने निकाय**

**पोखरा महानगरपालिका**

**सार्वजनिक निजी साझेदारी ईकाई**

**प्रस्ताव आवेदक**

.......................................................................................................................

.......................................................................................................................

...........................................................................

**सूचीक्रम**

अ. प्रस्ताव आव्हानपत्रमा उल्लिखित विषयमा दायित्व नरहने उद्घोषण

आ.परिभाषा

१. प्रस्तावपत्र आह्वान

१. १. पृष्ठभूमि

१.२. प्रस्ताव छनौट प्रक्रियाको संक्षिप्त विवरण:

२. प्रस्तावकर्ताहरु लागि निर्देशन

क. सामान्य शर्तहरु

ख. कागजातहरु

ग. प्रस्ताव पत्र तयार गर्ने विधि र पेश गर्ने तरिका

३. प्रस्ताव पत्रहरुको मूल्याकंन

४. विविध

५. परियोजनाको प्राविधिक प्रस्तावमा संलग्न गरिनुपर्ने कागजातहरुको जाँच सूचि

**अनुसूचिहरु**

**अनुसूचि १: परियोजनाको प्राविधिक प्रस्तावको ढाँचा**

**अनुसूचि २: परियोजनाको वित्तिय प्रस्तावको ढाँचा**

**अनुसूचि ३: प्रस्ताव पेश गर्ने पत्रको ढाँचा**

**अनुसूचि ४: प्रस्ताव पत्र सुरक्षणका लागि बैङ्क जमानत**

**अनुसूचि ५: प्रस्तावपत्रमा हस्ताक्षर गर्नको लागि अधिकार प्रत्यायोजन पत्र**

**अनुसूचि ६: संयुक्त उपक्रमको मुख्य सदस्यका लागि दिईने अधिकार प्रत्यायोजन पत्र**

**अनुसूचि ७: सराङकोट पर्यटन पूर्वाधार विकासको गुरुयोजना**

## अ.प्रस्तावपत्रमा उल्लिखित विषयमा दायित्व नरहने उद्घोषण

यस प्रस्ताव आह्वानपत्रमा उल्लेख भएका विषय एवं सूचनाहरु यस पोखरा महानगरपालिकाले प्रस्तावकलाई लिखित वा अन्य जुनसुकै स्वरुपमा उपलब्ध गराइएको भएतापनि यस प्रस्ताव आह्वानपत्रमा उल्लेख भएका शर्त तथा बन्देजहरुको अधीनमा वा कुनै सूचना दिदा अन्य कुनै शर्त तथा बन्देज तोकिएकोमा सोको अधिनमा रहने गरी उपलब्ध गराइएको हो ।

यस प्रस्ताव आह्वानपत्र कुनै सम्झौता होइन । यस प्रस्ताव आव्हानपत्र सम्झौता गर्न आह्वान गर्न प्रकाशन गरिएको दस्तावेज पनि होइन । यस प्रस्ताव आह्वानपत्र प्रस्तावपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीका लागि प्रस्तावपत्र तयार गर्न आवश्यक पर्ने वा उपयोगी हुने सूचनाहरु उपलब्ध गराउने उद्देश्यले तयार गरिएको हो । यस प्रस्ताव आह्वानपत्रमा उल्लिखित विवरणहरु कार्यपालिकाबाट आयोजनाका सम्बन्धमा गरिएका विभिन्न अनुमान र मुल्याकंनमा आधारित छन् र त्यस्तो अनुमान र मूल्याकंन गर्दा प्रस्तावकलाई आवश्यक पर्ने सम्पूर्ण सूचनाहरुलाई संलग्न नगरिएको पनि हुनसक्छ ।

प्रस्ताव सम्बन्धी कागजातहरुमा समावेश भएका अनुमान, मूल्याकंन, विवरण तथा सूचनाहरु (विशेष गरी सम्भाव्यता प्रतिवेदनमा समावेश भएका विषयहरु) पूर्ण, दुरुस्त, पर्याप्त वा सही नहुन पनि सक्छ । तसर्थ, हरेक प्रस्तावकलाई प्रस्तावपत्र पेश गर्नुपूर्व आफ्नो तर्फबाट आवश्यक खोजविन, अनुसन्धान र मूल्याकंन गरी प्रस्ताव पत्रमा उल्लिखित विवरण तथा सूचनाहरुको सत्यता, पर्याप्तता, विश्वसनीयता र पूर्णताको परीक्षण गर्न तथा सो सम्बन्धमा विषय विज्ञहरुबाट छुट्टै राय वा परामर्श लिन अनुरोध गरिन्छ ।

यस प्रस्ताव आह्वानपत्रमा उल्लिखित विषयको सत्यता, पर्याप्तता, विश्वसनीयता र पूर्णताको सम्बन्धमा यस पोखरा महानगरपालिकाले कुनै प्रतिज्ञा वा उद्घोषण गरेको छैन । उक्त विषयहरु समावेश भई कुनै कानून, दुष्कृति वा अनुचित लाभ सम्बन्धी सिद्धान्तका आधारमा कुनै दावी, विरोध, मुद्धा, मामिला, न्यायिक वा प्रशासकिय कारवाही शुरु भएमा सो सम्बन्धमा यस कार्यपालिकाको कुनै दायित्व रहने छैन । यस प्रस्ताव आह्वानपत्रमा कार्यपालिकाको हेलचेक्राइँ, लापरवाही वा अन्य कुनै कारणले कुनै विवरण त्रुटिपूर्ण भएको रहेछ र सो त्रुटिपूर्ण विवरणमा आधारित भई कुनै कार्य गर्दा कुनै हानि नोक्सानी व्यहोर्न पर्ने अवस्था सिर्जना भएमा समेत यस कार्यपालिकाको कुनै दायित्व रहने छैन ।

यस प्रस्ताव आह्वानपत्र जारी गरिएको कारणले मात्र कुनै प्रस्तावकर्तालाई छनोट गर्नुपर्ने बाध्यता रहने छैन । कुनै वा सबै प्रस्तावक र प्रस्तावको सम्पूर्ण वा केही अंशलाई कारण खुलाई वा नखुलाई अस्वीकार गर्ने वा समग्र प्रस्ताव आव्हानको प्रक्रिया रद्द गर्ने पूर्ण अधिकार सानिसा समिति वा कार्यपालिकामा सुरक्षित रहेको छ ।

प्रस्तावपत्रको तयारी गर्दा, कागजातहरु प्राप्त गर्दा, फोटोकपी, हुलाक सेवा, डेलिभरी शुल्क, सानिसालसमक्ष आफ्नो प्रस्तावको प्रस्तुति गर्दा लाग्ने खर्च लगायत अन्य सम्पूर्ण काम कारवाहीमा हुने सम्पूर्ण खर्च प्रस्तावकर्ता स्वयंमले व्यहोर्नुपर्नेछ ।

**आ. परिभाषा**

यस आव्हानपत्रमा उल्लिखित देहायका शब्दहरुले देहाय बमोजिमको अर्थ बुझाउँछन्:

| | |
|---|---|
| कार्यपालिका | **पोखरा महानगरपालिका** भन्ने बुझ्नपर्दछ र सानिसा शब्दले सानिसा ऐन र सानिसा नियमावलीद्वारा विभिन्न अधिकार दिई गठन गरिएको सानिसा समिति र सानिसा इकाइ, र लेखाजोखा समितिलाई समेत जनाउँदछ। |
| आव्हानपत्र | प्रस्ताव आव्हानपत्र |
| सानिसा इकाई | सार्वजनिक–निजी साझेदारी इकाई |
| सानिसा | सार्वजनिक–निजी साझेदारी |
| सानिसा समिति | सार्वजनिक–निजी साझेदारी समिति |
| सानिसा मोडल | **निर्माण, सञ्चालन तथा हस्तान्तरण**<br>**लिज, सञ्चालन तथा हस्तान्तरण** |
| लगानी | ऐन बमोजिम ऋृण वा स्वपूँजी वा पुर्नलगानी वा परियोजनामा गरिने पूँजी प्रवाह |
| प्रस्तावक | परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्ति |

यस आव्हानपत्रमा परिभाषा नगरिएका शब्द वा शब्दावलीका हकमा पूर्वयोग्यता आह्वानपत्रमा परिभाषा गरिए अनुसार हुनेछ।

# १. प्रस्तावपत्रको लागि आव्हान

## १.१. पृष्ठभूमि :

पोखरा महानगरपालिका अर्न्तगत सार्वजनिक निजी साझेदारी (सानिसा) मा कार्यान्वयन गर्न इच्छुक व्यक्ति/ कम्पनी /संस्थाहरुवाट सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ५ को उपनियम (१) बमोजिम तोकिएका शर्तहरुको अधिनमा रही मनसायपत्र पेश गरेकोमा उक्त ऐन, २०७५ को दफा १८ र सो को नियमावली २०७५ को नियम ११ बमोजिम छनौट भएकोले २०७५ को दफा १९र सो को नियमावली २०७५ को नियम १३ बमोजिम सुचिकृत भईसकेका कम्पनीहरुलाई प्रस्ताव पत्र पेश गर्न यो **प्रस्ताव आव्हान** गरिएको छ ।

१.१.१ पोखरा महानगरपालिकाले **''सराङ्गकोट पर्यटन पूर्वाधार विकास आयोजना''** को विकास, संचालन तथा मर्मत सम्भार सार्वजनिक–निजी साझेदारी ("**सानिसा**") मार्फत् सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम प्रतिस्पर्धात्मक प्रस्ताव पत्रको माध्यमबाट निजी साझेदार छनोट गरी आयोजनाको कार्यन्वयन गर्ने निर्णय गरेको छ । आयोजनाको संक्षिप्त विवरण देहाय अनुसारको छ :

| **आयोजनाको नाम** | **अनुमानित लागत** |
|---|---|
| सराङ्गकोट पर्यटन पूर्वाधार विकास आयोजना | ................... |

१.१.२ छनोट भएको प्रस्तावकर्ता ("**छनोट भएको प्रस्तावकर्ता**") ले कार्यपालिकासँग यस आव्हानपत्रमा तोकिएको ढाँचामा आयोजना सम्झौता (**"आयोजना सम्झौता"**) गर्नुपर्नेछ । त्यसरी छनोट भएको प्रस्तावकर्ता आयोजनाका कार्यान्वयनको डिजाइनिङ्ग, इन्जिनियरिङ्ग, लगानी तथा लगानी व्यवस्थापन, खरिद, निर्माण, संचालन, मर्मत संभार लगायतका सम्पूर्ण पक्षहरुका लागि लागि जिम्मेवार हुनेछ ।

१.१.३ आयोजनाको अनुमानित लागत (**"आयोजनाको अनुमानित लागत"**) माथि शर्त नं. १.१.१ मा उल्लेख गरिएको छ । तर, आयोजनाको वास्तविक लागतको प्रक्षेपण भने प्रस्तावकर्ता आफैँले गर्नुपर्नेछ ।

१.१.४ अनुमतिप्राप्त व्यक्तिले आयोजनाको विकास तथा संचालनको अनुमति प्राप्तगरे वापत उपलब्ध गराउनुपर्ने सेवा र दायित्व लगायतका अन्य विस्तृत शर्त तथा बन्देजहरु आयोजना सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ ।

१.१.५ यस आह्वानपत्रमा उल्लिखित विवरण जानकारीको प्रयोजनका लागि मात्र हो । यस आह्वानपत्रमा उल्लिखित कुनै पनि विषयवा प्रावधानले आयोजना सम्झौताको कुनै पनि शर्त वा व्यवस्थालाई सीमित पार्ने वा सोको कार्यान्वयनमा प्रतिकुल असर पार्ने छैन ।

१.१.६ सानिसा समितिले यस आह्वानपत्रमा उल्लिखित शर्त तथा सानिसा समितिले यस आह्वानपत्रकोसाथमा उपलब्ध गराउने अन्य कागजात (यसपछि समग्रमा **प्रस्ताव पत्र सम्बन्धी कागजात**") मा उल्लिखित शर्त अनुसारको प्रस्तावपत्र मात्र ग्रहण गर्नेछ । प्रस्तावकर्ताले शर्त नं १.२.४ मा उल्लेख भएबमोजिमको मिति (**"प्रस्तावपत्र पेश गर्नुपर्ने मिति"**) भित्रप्रस्तावपत्र पेश गरिसक्नुपर्नेछ ।

### १.२. प्रस्ताव छनौट प्रक्रियाको संक्षिप्त विवरण:

मनसाय पत्रको मूल्याङ्कन वाट सानिसा ईकाई, पोखरा महानगरपालिकाले योग्य प्रस्तावकर्ताहरुको सूची प्रकाशित गरे बमोजिम योग्य ठहरिएका प्रस्तावकर्ताहरुले यस प्रस्ताव आह्वानपत्र अनुसारको दोश्रो चरणको प्रस्ताव छनोट प्रक्रिया ("**प्राविधिक तथा आर्थिक प्रस्तावको चरण**") मा सहभागी हुन सक्नेछन् । व्यवस्था अनुसार योग्य ठहरिएका प्रस्तावकर्ता (संयुक्त उपक्रमका साझेदार समेत) लाई प्रस्तावपत्र सम्बन्धी कागजातहरुको शर्त तथा बन्देजहरुको अधीनमा रही प्राविधिक प्रस्ताव एवं आर्थिक प्रस्तावहरु (यसपछि छोटकरीमा **"प्रस्तावहरु"** भनिएको) माग गरिएको छ ।

**प्रस्ताव छनोट प्रक्रियाको समयतालिका देहाय बमोजिम रहेको छ:**

| सि.नं. | कार्यक्रमको सूची | मिति |
|---|---|---|
| १ | सोधपुछ गर्न सकिने अन्तिम मिति | २०७६/०३/३० |
| २ | महानगरपालिका ले सोधिएको जानकारी उपलब्ध गराउनुपर्ने अन्तिम मिति | २०७६/०३/३१ |
| ३ | प्रस्तावपत्र खरिद गर्ने अन्तिम मिति | २०७६/०४/०२ कार्यालय समयभित्र |
| ३ | प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मिति | २०७६/०४/०३ मध्यान्ह १२:०० सम्म |
| ४ | प्राविधिक प्रस्ताव खोल्ने मिति | २०७६/०४/०३ दिउसो १३:०० बजे |
| ५ | प्राविधिक प्रस्तावको मूल्याकंन सम्पन्न गर्ने मिति | प्राविधिक प्रस्ताव खोलिएको ५ दिन भित्र |
| ६ | आर्थिक प्रस्ताव खोल्ने मिति | प्राविधिक प्रस्तावको मूल्याकंन सम्पन्न भएको मितिले ५ दिनभित्र पर्ने गरी तोकिए बमोजिम हुने |
| ७ | आर्थिक प्रस्तावको मूल्याकंन गर्ने मिति | आर्थिक प्रस्ताव खोलिएको ५ दिन भित्र |
| ८ | छनोट हुन सफल भएको प्रस्तावकर्ताको नाम सानिसा इकाईमा सिफारिस गर्ने मिति | आर्थिक प्रस्तावको मूल्याकंन भएको मितिले ३ दिनभित्र |
| ९ | सानिसा इकाईले प्रस्ताव छनोट गर्ने मिति | छनोट हुन सफल भएको प्रस्तावकर्ताको नाम सानिसा इकाईमा सिफारिस भएको मितिले १३ दिनभित्र |
| १० | समझदारीपत्रमा हस्ताक्षर गर्ने /शुरु सम्झौता गर्ने | सानिसा इकाईले प्रस्ताव छनोट गरेको मितिले ७ दिनभित्र |

**नोट:** प्रस्तावपत्र आव्हान सम्वन्धमा कुनै विषयमा सोधपुछको लागि पोखरा महानगरपालिकाको सानिसा ईकाइको फोन नं ०६१-५२११०४/ ०६१-५५१४०३, ईमेल :info@pokharamun.gov.np वा mayor@pokharamun.gov.np मा सम्पर्क गर्न सकिने छ । अथवा पोखरा महानगरपालिकाको वेभसाईट : www.pokharamun.gov.np मा पनि लग अन गर्न सक्नुहुने छ ।

## २. प्रस्तावकर्ताहरुलाई निर्देशन

**क. सामान्य**

**२.१ प्रस्ताव छनोट प्रक्रियाका सामान्य शर्तहरु**

२.१.१ एक परियोजनाको लागि एक भन्दा बढी प्रस्ताव पेश गर्न पाइनेछैन । कुनै प्रस्तावकर्ता आफैँले वा संयुक्त उपक्रमको सदस्यको रुपमा प्रस्ताव पेश गरेकोमा आफैँ वा अर्को संयुक्त उपक्रमको सदस्य भएर प्रस्ताव पेश गर्न पाइने छैन ।

२.१.२ आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन प्रस्तावकर्ताहरुलाई प्रस्ताव तयार गर्ने प्रयोजनका लागि आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले मात्र उपलब्ध गराइएको हो । प्रस्ताव पेश गर्नुपूर्व प्रस्तावकर्ताहरुलाई आफैँले आवश्यकता अनुसार सर्वेक्षण, अनुसन्धान, जाँचबुझ वा परीक्षण गर्नसूचित गरिन्छ । संभाव्यता प्रतिवेदनमा उल्लिखित कुनै तथ्य वा विवरणबाट उत्पन्न हुने कुनै दावीमा कार्यपालिकाको कुनै पनि दायित्व रहनेछैन ।

२.१.३ यस आह्वानपत्र र आयोजना सम्झौतामा उल्लेखित कुनै विषय वा व्यवस्था आपसमा बाझिन गएमा सम्झौतामा उल्लेखित विषय वा व्यवस्था कायम हुनेछ । तर, यस आह्वानपत्रमा प्रस्तावकर्ताको हकमा लागू हुने भनी कुनै शर्त वा दायित्व तोकिएकोमा सो सम्बन्धमा आयोजना सम्झौतामा उल्लेख नभएमा त्यस्तो शर्त वा दायित्वलाई प्रस्तावकर्ताले पालना गर्नुपर्ने अतिरिक्त शर्त वा दायित्व मानिनेछ

२.१.४ प्रस्तावकर्ताले प्रस्ताव पेश गर्दा अनुसूची–१ को ढाँचामा प्रस्तावित अंक र अक्षर स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावकर्ताबाट अख्तियार प्राप्त व्यक्तिले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ । प्रस्तावकर्तालाई प्रस्ताव सुरक्षण बापत गुड फर पेमेन्ट चेक पेश गर्ने वा अनुसूची–४ को ढाँचामा कार्यपालिकालाई ग्राह्य हुने गरी बैंक जमानत पेश गर्ने मध्ये कुनै एक विकल्प छनोट गर्ने अधिकार हुनेछ ।

२.१.५ बैंक जमानतको समयावधि प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन सम्म बहाल रहेको हुनुपर्नेछ र उक्त समयावधि प्रस्तावकर्ता र कार्यपालिकाको आपसी सहमतिमा बढाउन सकिनेछ । प्रस्ताव सुरक्षण संलग्न नगरीकन पेश हुन आएको प्रस्तावपत्रलाई ग्राह्य हुने छैन । प्रस्तावपत्र साथ संलग्न भईआएको सुरक्षण प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मितिबाट १५० दिन सम्म फिर्ता हुनसक्ने छैन ।

२.१.६ प्रस्तावकर्ताले अनुसूची ३ को ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney)मा आफ्नो तर्फबाट अख्तियारवाला तोकी पेश गर्नुपर्नेछ । प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको नाम स्पष्ट तोकी अनुसूची ४ बमोजिमको ढाँचामा अधिकार प्रत्यायोजनपत्र (Power of Attorney) पेश गर्नुपर्नेछ ।

२.१.७ प्रस्तावपत्र शर्तरहितहुनुपर्नेछ । प्रस्तावपत्रमा प्रस्तावकर्ताको तर्फबाट कुनै शर्त उल्लेख गरेको पाइएमा त्यसलाई प्रभावग्राही नभएको मानिनेछ र त्यस्तो प्रस्तावपत्रलाई अस्वीकार गर्न सकिनेछ ।

२.१.८ प्रस्तावपत्र र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै विषयमा कुनै सूचना आदानप्रदान, पत्राचार वा संवाद गर्नुपरेमा त्यस्तो सूचना वा संवाद नेपाली/अंग्रेजी भाषामा गर्नुपर्नेछ ।

२.१.९ प्रस्ताव छनोटको प्रक्रियामा प्रस्तावकको स्वार्थको सम्बन्ध (Conflict of Interest) निहित हुनुहुँदैन । प्रस्ताव छनोट प्रक्रियामा प्रस्तावकको कुनै स्वार्थको सम्बन्ध रहेको पाइएमा त्यस्तो प्रस्तावकर्ताको प्रस्ताव ग्राहय हुनेछैन ।

२.१.१० प्रस्ताव छनोटको अन्तिम निर्णय गर्ने अधिकार सानिसा ऐन, २०७५ को अधिनमा रही पोखरा महानगरपालिका सानिसा ईकाईमा सुरक्षित रहने छ ।

## २.२ प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी निर्देशन

२.२.१ प्रस्तावकर्ताको अनुभवको परीक्षण गर्दा पछिल्लो ३ वर्षमा सम्पन्न गरेको कार्यसम्पादनलाई आधार बनाइनेछ । प्राविधिक प्रस्तावको परीक्षण प्रस्तावकर्ताले पेश गरेको सूचनाको आधारमा गरिनेछ । प्रस्तावपत्रमा पेश भएका विवरणहरुलाई संलग्न प्रमाणहरुले पुष्ट्याई गरेको हुनुपर्छ र प्रमाणको अभावमा पेश गरिएका विवरणहरु ग्राह्य हुनेछैन ।

## २.३ प्रस्ताव तयारी खर्चः

२.३.१ प्रस्तावपत्र तयार तथा पेश गर्दा लाग्ने सम्पूर्ण खर्चहरु प्रस्तावकर्ताहरुले व्यहोर्नुपर्नेछ । प्रस्ताव छनोट प्रक्रिया सम्पन्न भएपश्चात जे जस्तो नतिजा आएपनि त्यस्तो खर्चहरु कार्यपालिकाले व्यहोर्ने छैन ।

## २.४ आयोजना स्थलको भ्रमण तथा विवरणहरुको परीक्षणः

२.४.१ सबै प्रस्तावकर्ताहरुलाई प्रस्तावपत्र पेश गर्नुपूर्व आयोजनास्थलको भ्रमण गरी आयोजना स्थलको अवस्थिति, यातायातको व्यवस्था, पर्यावरण, वातावरण, विद्युत शक्तिको उपलब्धता, पानीको व्यवस्था र निर्माण कार्यका लागि आवश्यक पर्ने पहुँचमार्ग, निर्माण सामाग्रीको सुरक्षित भण्डारण र प्रयोगको सम्भाव्यता, मौसम सम्बन्धी विवरण, लागू हुने कानून तथा नियमहरु र अन्य सम्बद्ध तथा आवश्यक विषयहरुयकिन गर्नका लागि सूचित गरिन्छ ।

२.४.२ प्रस्तावपत्र पेश गर्दा प्रत्येक प्रस्तावकर्ताले देहाय अनुसार स्विकार/कबुल गरेको मानिनेछ :

(क) प्रस्तावकर्ताले प्रस्ताव पत्र सम्बन्धी सम्पूर्ण कागजातहरु परीक्षण गरेको;

(ख) प्रस्तावकर्ताले नगर सानिसालबाट प्राप्त गर्नुपर्ने सम्पूर्ण सूचनाहरु प्राप्त गरिसकेको;

(ग) प्रस्तावकर्ताले बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लिखित वा कार्यपालिकाले उपलब्ध गराएको शर्त नं. २.४.१ मा उल्लिखितविवरणहरु अपुरो वा त्रुटीपूर्ण हुनसक्ने अवस्थालाई स्वीकार गरेको;

(घ) प्रस्तावकको स्वार्थ बाझिने अवस्था नरहेको/नभएको;

(ङ) आह्वानपत्र अन्तर्गत तोकिएका शर्त, दायित्व तथा बन्देजहरुको परिपालना गर्न सक्ने ;

## २.५ प्रस्तावपत्रको परीक्षण र अयोग्यताः

२.५.१ प्रस्ताव आह्वानपत्र, प्रस्तावपत्र वा बोलपत्र सम्बन्धी कागजातहरु प्रकाशन भएपश्चात् प्रस्तावकर्ताले पेश गरेको विवरण, सूचना तथा कागजातहरुको सत्यता परीक्षण गर्ने अधिकार कार्यपालिकासँग सुरक्षित रहनेछ । सानिसा समितिले सोको परीक्षणको सिलसिलामा थप विवरण, सूचना तथा कागजातहरु माग गरेमा तोकिएको अवधिभित्र प्रस्तावकर्ताले त्यस्तो विवरण, सूचना तथा कागजातहरु उपलब्ध

गराउनुपर्नेछ । कार्यपालिकाबाट त्यस्तो परिक्षण भएको वा परिक्षण हुन छुटेको कारणले यस प्रस्तावपत्र अन्तर्गत कार्यपालिकासँग सुरक्षित रहेको कुनै अधिकार वा दायित्वमा कुनै प्रतिकुल प्रभाव पर्ने छैन ।

२.५.२ देहायको अवस्थामा कार्यपालिकालाई जुनसुकै प्रस्ताव अस्वीकार गर्ने अधिकार हुनेछः

(क) झुट्ठा वा भ्रमपूर्ण विवरणसहितको प्रस्तावपत्र पेश गरेको पाईएमा ;

(ख) कार्यपालिकाले थप सूचना तथा कागजात माग गरेकोमा प्रस्तावकर्ताले तोकिएको समयसीमाभित्र त्यस्तो सूचना वा कागजात उपलब्ध गराउन नसकेमा;

(ग) कुनै प्रस्तावकर्ताले झुट्ठा वा भ्रमपूर्ण सूचना दिएको पाइएमा वा ठहरिएमा त्यस्तो प्रस्तावकर्ता स्वतः अयोग्य ठहरिनेछन् । यदि त्यसरी झुट्ठा वा भ्रमपूर्ण विवरण दिने प्रस्तावकर्ता कुनै संयुक्त उपक्रम भएमा संयुक्त उपक्रमका सम्पूर्ण सदस्य स्वतः अयोग्य हुनेछन् । तर, उपरोक्त अनुसार अयोग्य हुने वा प्रस्तावहरु खोलिईसकेपछि प्रस्तावपत्र अस्वीकार गर्नुपर्ने अवस्था आईपरेमा र सोका कारणले छनोटमा पर्न सफल भएको प्रस्तावकर्ता अयोग्य हुने देखिएमा कार्यपालिकासँग देहायको अधिकार सुरक्षित रहनेछ ।

(अ) शर्त नं. ३.३.को व्यवस्था अनुसार बाँकी रहेका प्रस्तावकर्ताहरुबाट प्रस्ताव माग गर्ने;

(आ) सानिसा समितिले स्वविवेकमा उचित ठानेको कुनै प्रक्रियाको थालनी गरी कारवाही अगाडी बढाउने वा प्रस्ताव छनोट प्रक्रियाको अन्त्य गर्ने ।

**ख. कागजातहरुः**

२.६ प्रस्ताव आह्वानपत्रको विषयसूची

२.६.१ यस प्रस्ताव आह्वानपत्रमा यहाँ भन्दा माथि उल्लेख भएको दायित्व नहुने उद्घोष, देहायमा उल्लेखित विषयसूची र शर्त नं. २.८ अनुसार गरिने/हुने थप व्यवस्थाहरु यस प्रस्ताव आह्वानपत्रको अभिन्न अङ्ग हुनेछः

**प्रस्ताव आह्वानपत्र**

| | |
|---|---|
| खण्ड १. | परिचय |
| खण्ड २. | प्रस्तावकर्ताको लागि निर्देशन |
| खण्ड ३. | प्रस्तावको मूल्याकंन |
| खण्ड ४. | प्रस्तावपत्र खोल्नुभन्दा पहिलेको बैठक |
| खण्ड ५. | विविध |

**अनुसूची**

प्राविधिक प्रस्ताव पत्रको ढाँचा

वित्तिय प्रस्ताव पत्रको ढाँचा

निवेदन पेश गर्ने ढाँचा

अधिकार प्रत्यायोजन पत्र (Power Of Attorney)

संयुक्त उपक्रमको मुख्य सदस्य (Lead Member) का लागी दिईने अधिकार प्रत्यायोजन पत्र (Power Of Attorney)

**२.७ प्रष्टीकरण**

२.७.१ यस आह्वानपत्रमा उल्लिखित कुनै विषयका सम्बन्धमा कुनै प्रष्टीकरण चाहिएमा प्रस्ताव पेशकर्ताले हुलाक/कुरियर वा ई–मेल मार्फत शर्त नं. १.२.४ मा उल्लिखित समयसीमा भित्र प्रष्टीकरण अनुरोध गर्न सक्नेछ ।

**२.८ प्रस्ताव आह्वानपत्रमा संशोधन**

२.८.१ सानिसा समितिले स्वविवेकमा वा लिखित प्रष्टीकरण माग भएपछि आवश्यक ठानेमा आवश्यकता अनुसार यस प्रस्ताव आह्वानपत्रमा संशोधन गर्न सक्नेछ । यस प्रस्ताव आह्वानपत्रमा कुनै संशोधन भएमा त्यस्तो संशोधन लिखित रुपमा हुनेछ र सो सार्वजनिक सूचना मार्फत प्रकाशित गरिनेछ ।

**ग. प्रस्तावपत्रको तयारी तथा पेश गर्ने :**

**२.९ प्रस्तावपत्रको ढाँचा र हस्ताक्षरः**

२.९.१ प्रस्तावकर्ताले यस आह्वानपत्रमार्फत् माग गरिएका सम्पूर्ण सूचनाहरु उल्लेख गरी प्रस्तावपत्र पेश गर्नुपर्नेछ । कार्यपालिकाले तोकिएको ढाँचामा पेश हुन आएको प्रस्तावपत्रहरु र तोकिए बमोजिम रीत पुगेको प्रस्तावपत्रहरु मात्र ग्रहण गर्नेछ ।

२.९.२ प्रस्तावपत्र र सोको प्रतिलिपि गाढा कालो नमेटिने अक्षरमा टाईप गरी हरेक पृष्ठमा अख्तियारप्राप्त व्यक्तिले हस्ताक्षर गरी पेश गर्नुपर्नेछ ।

**२.१० प्रस्तावपत्रमा सिलबन्दी गर्ने सम्बन्धी व्यवस्थाः**

२.१०.१ प्रस्तावकर्ताले अनुसूची १ बमोजिमको ढाँचामा प्रस्तावपत्र तयार गरी खामबन्दी गरेर खामको माथिल्लो भागमा **"प्रस्तावपत्र"** उल्लेख गरी पेश गर्नुपर्नेछ ।

२.१०.२ प्रस्तावपत्र साथ संलग्न गर्नुपर्ने थप कागजातहरु एउटा छुट्टै खाममा खामबन्दी गरी सो खामको माथिल्लो भागमा "**प्रस्तावपत्र साथ संलग्न कागजाताहरु**" उल्लेख गर्नुपर्नेछ । उक्त खामबन्दी भित्र देहायका कागजातहरु संलग्न गरिएको हुनुपर्नेछ :

(क) अनुसूची ४ को ढाँचामा प्रस्तावपत्र सुरक्षण

(ख) अनुसूची ५ को ढाँचामा प्रस्तावपत्रमा हस्ताक्षर गर्नका लागि दिईने अधिकार प्रत्यायोजनपत्र

(ग) संयुक्त उपक्रमको तर्फबाट प्रस्तावपत्र पेश गर्ने भएमा अनुसूची ६ को ढाँचामा संयुक्त उपक्रमको मुख्य सदस्यलाई दिईएको अधिकार प्रत्यायोजनपत्र

२.१०.३ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्दा माथि शर्त नं. २.१०.२ मा उल्लेख भएका कागजातहरुमा सिलसिलावर रुपमा पृष्ठ संख्या राखी छुट्टै खामबन्दी गरी खामको माथिल्लो भागमा "**सक्कल कागजातहरु**" भनी उल्लेख गर्नुपर्नेछ ।

२.१०.४ माथि शर्त नं. २.१०.१, २.१०.२ र २.१०.३ मा उल्लेखित खामबन्दीलाई बाहिरबाट एउटा छुट्टै खामले खामबन्दी गरी सहीछाप गरेको हुनुपर्नेछ । उल्लिखित चारैवटा खामबन्दीको माथिल्लो भागमा देहाय अनुसारको विवरण उल्लेख गर्नुपर्नेछ :

**"सराङ्गकोट पर्यटन पूर्वाधार विकास आयोजना" को लागि प्रस्तावपत्र**

प्रस्तावकर्ताको नाम र ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका अतिरिक्त, खामबन्दीको सिरान तर्फको दायाँ किनारमा बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति पनि स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ । सानिसा सम्वन्धी नियमावली , २०७५ को नियम (१३) को उपनियम (३) बमोजिम प्रस्ताव पेश गर्दा साथमा दस्तुर वापत **रु. ३०००** (अक्षरुपी तीनहजार मात्र) सानिसा ईकाईको राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक को खाता नं.३०२०३०४०१८१०६ को सक्कल  भौचर सानिसा इकाईलाई वुझाउनु पर्ने छ । प्रस्ताव छनौट नभएमा प्रस्तावपत्रको साथमा पेश गरेको दस्तुर प्रस्तावकलाई फिर्ता हुने छैन ।

२.१०.५ हरेक खामबन्दीलाई देहाय अनुसार हुने गरी प्रापकको ठेगाना उल्लेख गर्नुपर्नेछ :

ध्यानाकर्षणः श्री ........................................ ज्यू,

पदः ................................................

ठेगाना ................................................

ई-मेल ठेगाना ................................................

२.१०.६ माथि उल्लेख भएको निर्देशन अनुसार प्रस्तावपत्र खामबन्दी गरी पेश गरेको नपाईएमा कुनै तरिकाले कागजातहरु हराएमा वा बोलपत्र खोल्ने समयभन्दा पहिले नै खोलिएमा वा सोको कारणले प्रस्तावकले कुनै नोक्सानी व्यहोर्नुपरेमा कार्यपालिकाको कुनै जिम्मेवारी रहनेछैन ।

२.१०.७ फ्याक्स, टेलेक्स, टेलिग्राम वा ई–मेल मार्फत पेश हुन आएको प्रस्तावपत्रहरु ग्राह्य हुने छैन ।

## २.११ प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मिति

२.११.१ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्दा पेश गर्नुपर्ने अन्तिम मितिको मध्यान्ह  १२:०० बजे सम्म यस आह्वानपत्रमा तोकिएको ढाँचामा शर्त नं. २.१०.५ मा उल्लेख भएको ठेगानामा पठाईसक्नुपर्नेछ । सो पश्चात प्रस्तावपत्र पेश गरिएको निस्सा अनुसूची ३ मा उल्लिखित व्यक्ति वा अधिकारीबाट लिनुपर्नेछ । सो समय व्यतीत भएपश्चात प्राप्त हुन आएको प्रस्तावपत्र ग्राह्य हुनेछैन ।

## २.१२ प्रस्तावपत्रमा संशोधन, हेरफेर गर्ने वा प्रस्तावपत्र फिर्ता लिने :

२.१२.१ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा अगावै प्रस्तवपत्रमा संशोधन, हेरफेर गर्ने वा प्रस्तावपत्र फिर्ता लिन सक्नेछन् ।  प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मिति पश्चात् प्रस्तावपत्रमा संशोधन, हेरफेर गर्ने वा फिर्ता लिन/गर्न पाइने छैन ।

## २.१३ प्रस्तावपत्र अस्वीकार गर्ने:

२.१३.१ यस आह्वानपत्रमा जुनसुकै कुरा उल्लेख भएतापनि कार्यपालिकासँग जुनसुकै बखतमा पेश हुन आएको प्रस्तावपत्र कारण खुलाएर वा नखुलाईकन पनि अस्वीकार गर्ने वा प्रस्ताव छनोट प्रक्रियालाई अन्त्य गर्ने अधिकार सुरक्षित रहनेछ ।

## घ. प्रस्तावपत्रको सुरक्षण

## २.१४ प्रस्ताव पत्रको सुरक्षण

२.१४.१ प्रस्तावकर्ताले प्रस्तावपत्र पेश गर्नुपर्दा माथि शर्त नं. २.१.४ र २.१.५ प्रस्ताव सुरक्षण समेत उपलब्ध गराउनुपर्नेछ । उपर्युक्त व्यवस्था अनुसार प्रस्तावकले बैंक जमानत पेश गर्ने भएमा प्रस्तावकर्ताले अनुसूची ४ बमोजिमको ढाँचामा कम्तीमा १२० दिन सम्म मान्य हुने बैंक जमानत पेश गर्नुपर्नेछ । यस्तो बैंक जमानत नेपाल राष्ट बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंकबाट जारी भएको हुनु पर्नेछ । बैंक जमानत नेपाल भन्दा बाहिर रहेको विदेशी बैंकले जारी गर्नेभएमा नेपाल स्थित कुनै वाणिज्य बैंकबाट काउन्टर ग्यारेन्टी जारी गरेको हुनुपर्नेछ । सार्वजनिक निजी साझेदारी सम्वन्धी नियमावली, २०७५को नियम (३९) बमोजिम परियोजनाको लागत अनुमानको शून्य दशमलब एक (०.१) प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक को खाता नं.३०३०३००७१०६ को सक्कल भौचर सानिसा ईकाईमा दाखिला गर्नुपर्ने छ ।

२.१४.२ प्रस्ताव सुरक्षण संलग्न नगरी आएको प्रस्तावपत्रलाई अप्रभावग्राही प्रस्तावपत्र मानी सुरुवाती अवस्थामा नै अस्वीकार गरिनेछ ।

२.१४.३ प्रस्तावपत्रको परीक्षण तथा मूल्याकंन पश्चात् छनोटमा पर्न असफल प्रस्तावकर्ताले पेश गरेको सुरक्षण बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १५० दिनभित्र फिर्ता वा फुकुवा गरिसक्नुपर्नेछ ।

२.१४.४ प्रस्ताव मूल्याकंन गरे पश्चात् छनोट हुन सफल भएको प्रस्तावकर्ताले पेश गरेको प्रस्ताव सुरक्षण सो प्रस्तावकर्ताले आयोजना सम्झौतामा हस्ताक्षर गरेपश्चात् सो सम्झौताको शर्त अनुसार कार्यसम्पादन सुरक्षण (Performance Guarantee)पेश गरेपश्चात् फिर्ता वा फुकुवा गरिनेछ ।

२.१४.५ सानिसा समितिलाई तल शर्त नं. २.१४.६ मा उल्लिखित अवस्थाहरु मध्ये कुनै अवस्थामा प्रस्ताव सुरक्षण जफत गर्ने अधिकार हुनेछ । प्रस्तावकर्ताले यस आह्वानपत्र बमोजिम प्रस्तावपत्र पेश गर्नासाथै प्रस्तावकर्ताले प्रस्तावपत्र फिर्ता लिएमा वा यस आह्वानपत्रमा उल्लिखित कुनै शर्त तथा बन्देजको उल्लघंन हुन गएमा सो वापत कार्यपालिकाले हानि वा नोक्सानी व्यहोर्न पर्छ भन्ने कुरामा सहमति जनाएको मानिनेछ ।

२.१४.६ कानून, करार वा अन्य तवरले कार्यपालिकासँग सुरक्षित रहेको अधिकारमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी देहायको अवस्थाहरुमा कार्यपालिकाले प्रस्ताव सुरक्षण जफत गर्न सक्नेछः

(क) बेरित र ढाँचा नमिलाईकन पेश भएका प्रस्तावपत्रहरु,

(ख) कुनै प्रस्तावकर्ता भ्रष्टाचार, जालसाजी जन्य कार्यमा संलग्न भएको पाईएमा,

(ग) प्रस्ताव सुरक्षण अवधि बाँकी रहँदै प्रस्तावकर्ताले प्रस्तावपत्र फिर्ता गरेमा,

(घ) छनोट भएको प्रस्तावकर्ताले तोकिएको समयावधिभित्र देहायका कागजातहरुमा हस्ताक्षर गर्न असमर्थ रहेमा:

(अ) परियोजना सम्झौतामा हस्ताक्षर हुन नसकेमा, वा

(आ) परियोजना सम्झौतामा उल्लेख भए अनुसार तोकिएको समयावधिभित्र कार्यसम्पादन जमानत पेश गर्न नसकेमा

(ङ) छनोट भएको प्रस्तावकर्ताले आयोजना सम्झौतामा हस्ताक्षर गरिसकेपश्चात र कार्यसम्पादन जमानत पेश गर्ने समायवधि बहाल रहँदा रहँदै आयोजना सम्झौताको कुनै शर्त वा व्यवस्थाको उल्लघंन गरेमा ।

## ३. प्रस्तावको मूल्याकंन

### ३.१ प्रस्तावपत्र खोल्ने तथा मूल्याकंन सम्बन्धी व्यवस्था:

३.१.१ सानिसा ईकाइ ले प्रस्तावपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय लगत्तै शर्त नं २.१०.५ मा उल्लिखित स्थानमा उपस्थित प्रस्तावकहरुको रोहवरमा प्राविधिक प्रस्ताव खोल्नेछ । यसरी प्रस्ताव खोल्दा सम्वन्धित प्रस्तावक र निजको प्रतिनिधि उपस्थित नहुँदा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

३.१.२ शर्त नं. ३.१.१ बमोजिम प्रस्तावपत्र खोलिसके पश्चात् कार्यपालिकाले यस शर्त नं. ३.१ मा उल्लिखित व्यवस्थाहरुका आधारमा प्रस्तावहरुको परीक्षण तथा मूल्याकंन गर्नेछ ।

३.१.३ सानिसा समितिले प्रस्तावहरुको मूल्याकंनमा सहयोग पुग्ने देखिएमा आवश्यकता अनुसार प्रस्तावपत्र पेश गर्ने प्रस्ताव जो कोही सँग पनि प्रस्तावपत्रका सम्बन्धमा आवश्यक स्पष्टीकरण माग गर्न सक्नेछ ।

३.१.४ प्रस्तावपत्र खोल्दा सर्वप्रथम प्राविधिक प्रस्ताव खोलिनेछ र प्राविधिक प्रस्ताव(पूर्णाङ्क ५०) को मूल्याकंनको क्रममा न्यूनतम ६० प्रतिशत अंक हासिल गर्न सफल प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

३.१.५ सानिसा ईकाइ ले प्राविधिक प्रस्तावको मूल्याकंनमा न्यूनतम ६० प्रतिशत अंक प्राप्त गर्न असफल भएका प्रस्तावकर्ताहरुलाई आर्थिक प्रस्ताव नखोलिकन नै फिर्ता दिईनेछ ।

३.१.६ सानिसा समितिले प्राविधिक प्रस्तावको मूल्याकंन सम्पन्न भएपश्चात् न्युनतम अंक हासिल गर्न सफल रहेको प्रस्तावकर्ताहरुलाई प्राप्त गरेको अंक र आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान सहितको सूचना पठाउनेछ ।

३.१.७ . प्राविधिक प्रस्ताव को अंकभार ५० प्रतिशत रहने छ भने आर्थिक प्रस्तावको अंकभार ५० प्रतिशत राखी मूल्याङ्कन गरिने छ ।

### ३.२ पूर्णताको परीक्षण:

३.२.१ प्रस्तावहरुको मूल्यांकन गर्नुपूर्व कार्यपालिकाले प्राप्त हुन आएका प्रत्येक प्रस्तावहरुको पूर्णताको परीक्षण गर्नुपर्नेछ । देहाय बमोजिमको रीत पुगेको प्रस्तावहरुलाई पूर्ण मानिनेछ:

(क) अनुसूची १ र २ बमोजिमको ढाँचामा पेश भएको;

(ख) प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मितिभित्र पेश हुन आएको;

(ग) शर्त नं. २.९ तथा २.१० मा उल्लेख भए अनुसार सहिछाप गरी खामबन्दी गरी पेश गरेको;

(घ) अनुसूची ४ अनुसार प्रस्ताव सुरक्षण संलग्न गरी पेश गरेको;

(ङ) अनुसूची ५ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र पेश हुन आएको ;

(च) यस आह्वानपत्र अुनसार पेश गर्नुपर्ने भनी तोकिएको सम्पूर्ण कागजातहरु (ढाँचा तोकिएको भए सोही ढाँचामा) पेश भएको ;

(छ) प्रस्तावकर्ताको तर्फबाट थप शर्त तथा सीमितताहरु प्रस्ताव नगरिएको वा पेश भएको प्रस्ताव शर्तपूर्ण नभएको;

३.२.२ सानिसा समिति सँग माथि शर्त नं. ३.२.१ म उल्लिखित शर्तहरुका आधारमा अपूर्ण देखिएका प्रस्तावपत्रहरु अस्वीकार गर्ने अधिकार सुरक्षित रहनेछ । कार्यपालिकाले त्यस्तो अपूर्ण प्रस्तावको हकमा कुनै पनि प्रकारको संशोधन, स्पष्टीकरण वा फिर्ता लिनका लागी गरिएको अनुरोध स्वीकार गर्ने छैन ।

## ३.३ प्रस्तावहरुको छनोटः

३.३.१ प्राविधिक प्रस्तावको छनोटको आधारः

प्राविधिक प्रस्तावलाई देहायका आधारमा छनोट गरिनेछः

(१) अनूसूचि १ बमोजिमको ढाँचामा उल्लेखित वूँदाहरुलाई पूर्णरुपमा पालना गरेर लेखिएको र संलग्न गरिनुपर्ने कागजातहरुको जाँच सूचि अनुसारको कागजातहरु संलग्न गरिएको

(२) तर्कपूर्ण तरिकाले परियोजनाका महत्व र औचित्य पुष्टि गर्न सक्ने आधार खुलाएको

(३) पर्यटन, रोजगारी, स्थानीय जनसहभागिता,हरित पद्धति लगाएतका मुद्दाहरुलाई सम्वोधन गर्न सक्ने

(४)सानिसा ऐन, २०७५ र नियमावली , २०७५ लाई पालना गरेको

(५) महानगरपालिकाको सार्वजनिक सेवा प्रवाहमा पनि टेवा पुर्‍याउन सक्ने

(६) सानिसा मोडेल स्पष्ट भएको

(७) परियोजनाका क्रियाकलापहरु स्पष्ट भएको

(८) राजश्व/रोयल्टी संकलन र स्थानीय तह संगको आम्दानी साझेदारी मोडेल

(९) परियोजनाको प्रस्तावित प्रारम्भिक डिजाईन तथा ईञ्जिनियरिङ सुस्पष्ट भएको

(१०) प्रस्तावित परियोजनालाई चाहिने जनशक्ति र व्यवस्थापकीय सीप को खाका भएको

(११) स्पष्ट व्यवसायिक योजना भएको

(१२) सामुदायिक हितको सुनिश्चिता भएको

(१३) प्रविधि मैत्री, नविनतम सोच अंगालेको, अन्तराष्ट्रिय स्तरको कार्यानुभव भएको

(१४) वहुविधागत व्यवसाय अँगालेर वित्तिय दक्षता हासिल गरेको व्यवसायी वा व्यवासायिक प्रतिष्ठान

१५) स्थानीय स्रोत, साधन र सीपको भरपुर उपयोग गर्नसक्ने

१६) परियोजना कार्यान्वयन सम्वन्धी संगठनात्मक व्यवस्था तथा कार्यान्वयन कार्यतालिका स्पष्ट भएको

१७) प्रस्तावकको आर्थिक हैसियत खुलेको, वित्तिय स्रोतको किटान भएको

१८) आयोजनाको प्रारम्भिक संभाव्यता अध्ययन भएको

१९) परियोजना सञ्चालन तथा व्यवस्थापनको अनुभव

३.३.२ आर्थिक प्रस्ताव छनोटको आधार

(१) अनूसूचि २ बमोजिमको ढाँचामा उल्लेखित वूँदाहरुलाई पूर्णरुपमा पालना गरेर लेखिएको

(२) प्रस्तावित परियोजनाको क्रियाकलाप अनुसारको खर्च /आम्दानी प्रक्षेपण भएको

(३) उपभोक्ता वाट लिने महशुल र महानगरपालिकालाई वुझाउने रोयल्टीको स्पष्ट खाका भएको

(४) परियोजना को बजारीकरण र कार्यान्वयनको दिगोपना

(५) परियोजनाको प्रस्तावित वित्तिय श्रोत

(६) परियोजना कार्यान्वयनको व्यावसायिक योजना

माथि उल्लेखित आधारमा केहि छुटेको भए सार्वजनिक निजी साझेदारी सम्वन्धी नियमावली, २०७५ को नियम (१५) बमोजिम गरिने छ ।

३.३.३ सामान्यतया शर्त नं. ३.२.१ को व्यवस्थाबमोजिम पूर्ण रुपमा प्रस्ताव पेश गर्ने प्रस्तावकर्ताहरुमध्ये र शर्त नं. ३.१.४ अनुसार प्राविधिक मूल्याकंनमा न्युनतम अंक हासिल गर्न सफल प्रस्तावकहरु मध्ये जसले सबैभन्दा राम्रो लगानी मोडेल प्रस्ताव गरेको छ, सोही प्रस्तावकलाई नै छनोटमा पर्न सफल भएको प्रस्तावक भनी घोषणा गरिनेछ ।

३.३.४ दुई वा दुई भन्दा बढी प्रस्तावकर्ताहरुको आर्थिक प्रस्तावको मुल्यांकन गर्दा बराबरी अंक प्राप्त हुन आएमा सम्बन्धित प्रस्तावकर्ताहरुलाई पूर्वसूचना दिई सम्बन्धित प्रस्तावकर्ताहरुवाटै उचित विकल्प सहितको समझदारी वाट परियोजनाको छनोट गरिनेछ ।

३.३.५ परियोजनाको कार्यक्षेत्र पोखरा महानगरपालिका वडा नं १८, सराङकोटको टावर वरिपरिको क्षेत्र रहने छ । महानगरपालिकाले तयार पारेको गुरु योजना अनुरुप स्थानीय समुदाय /समिति संग सहकार्य गरी समझदारीको आधारमा उपयुक्त विकल्पको छनोट गरि परियोजनाको कार्यान्वयन स्वीकृति प्रदान गरिनेछ ।

## ४. प्रस्ताव पत्र पेश गर्नुपूर्वको बैठक

सानिसा समितिले पूर्वसूचना दिई प्रस्तावपत्र पेश गर्नुपूर्वको बैठक राख्नेछ । उक्त बैठकको उद्देश्य आयोजनाको तथा निजको कार्यादिशा (TOR) को बारेमा जानकारी गराउनुका साथसाथै उक्त चरणसम्ममा सिर्जना भएका विषय तथा प्रश्नहरुका बारेमा जवाफ दिने रहनेछ । उक्त बैठकमा उपस्थित हुने प्रस्तावकर्तालाई सानिसाले प्रोत्साहन गर्छ, तर, उक्त बैठकमा उपस्थित नभएको कारणले मात्र कुनै पनि प्रस्तावकर्ता अयोग्य हुनेछैन ।

## ५. विविध

५.१ प्रस्ताव छनोट प्रक्रियामा र यस सम्बन्धमा उत्पन्न कुनै विषयको व्याख्या प्रचलित नेपाल कानून अनुसार हुनेछ । प्रस्ताव छनोट प्रक्रिया देखि आयोजना सम्झौतामा हस्ताक्षर गर्ने चरणसम्ममा कुनै विवाद आईपरेमा त्यस्ता विवादको निरुपण सानिसा सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

### ५.२ ठगी तथा भ्रष्टाचारजन्य कार्यहरु

५.२.१ प्रस्तावकर्ता वा प्रवर्धक र निजका पदाधिकारी, कर्मचारी, प्रतिनिधि र सल्लाहकार (यसपछि सहजताका लागि **दोश्रो पक्ष** भनिएको) ले शुरु प्रक्रियादेखि आयोजना सम्झौताको अवधिभर यस खण्डमा उल्लिखित आचारसहिंताको उच्चतम परिपालना गर्नुपर्नेछ । यस प्रस्ताव आह्वानपत्र मा जुनसुकै कुरा उल्लेख भए तापनि दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप,

अनुचित कार्य आदिमा संलग्न भएको पाइएमा कार्यपालिकाले जुनसुकै बखत आवश्यकता अनुसार प्रस्तावपत्र अस्वीकार गर्ने, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्ने वा आयोजना सम्झौताको अन्त्य गर्न सक्दछ । यसरी प्रस्तावपत्र अस्वीकार गर्दा, आयोजना विकास र संचालन गर्ने अनुमतिपत्र रद्द गर्दा वा आयोजना सम्झौताको अन्त्य गर्दा सानिसा विरुद्ध कुनै दायित्व सिर्जना हुने छैन । सानिसालाई कुनै दोश्रो पक्ष प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको लागेमा त्यस्तो दोश्रो पक्षले पेश गरेको प्रस्तावपत्र सुरक्षण वा कार्यसम्पादन सुरक्षण जफत गर्न सक्नेछ ।

५.२.२ दोश्रो पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टचारजन्य कार्य, प्रतिस्पर्धा सीमित पार्ने क्रियाकलाप, अनुचित कार्य आदिमा संलग्न भएको पाईएमा निजलाई कार्यपालिकाले जारी गरेको कुनै अन्य कुनै प्रस्ताव पत्र मा  सहभागी हुन कम्तीमा २ वर्षसम्मका लागि अयोग्य हुनेछ ।

**सार्वजनिक निजी साझेदारीमा कार्य गर्नको लागि पोखरा महानगरपालिका, सानिसा इकाईमा पेश गरिएको सराङ्गकोट पर्यटन पूर्वाधार विकास परियोजना**

**(प्रस्ताव आव्हान पत्र नं ...)**

| | |
|---|---|
| पेश गरिएको मिति : | दर्ता नं. |

*(कार्यालय प्रयोगको लागि )*

**संलग्न गरिनुपर्ने कागजातहरुको जाँच सूचि**

*(कृपया निम्न लिखित कागजातहरु तयार गर्नुहोस् , तिनलाई तल दिईएको क्रममा समावेश गर्नुहोस् र प्रेषित गर्नु अघि सुनिश्चितताको लागि रेजा लगाउनुहोस् । यी कागजातहरु पुरा गरेर मात्र आवेदन पठाउनुहोस् । )*

| **क्र.सं.** | **संलग्न गरिनुपर्ने कागजातहरु** | **रेजा** | **सानिसा प्रयोजन** |
|---|---|---|---|
| १. | आधिकारिक आवेदन पत्र | √ | |
| २. | निर्धारित ढाँचा अनुसार तयार पारिएको परियोजना प्रस्तावना पत्र | √ | |
| | क) जाँच सूचि | | |
| | ख) आवेदकको घोषणा | | |
| | ग) परियोजना ब्यबस्थापन र प्राविधिक जनशक्ति उपलब्धता | | |
| | घ) विस्तृत परियोजना -क देखि न) | | |
| | ङ) परियोजनाको वित्तिय प्रस्ताव | | |
| | च) अनुगमन तथा सुपरिबेक्षण | | |
| | छ) सानिसा सम्बन्धित कार्य अनुभवको विवरण | | |
| | ज) परियोजनाको लागत अनुमान | | |
| | झ) परियोजना निर्माण सम्वन्धि अनुभव | | |
| | ञ) परियोजनाको प्राविधिक संभाव्यता अध्ययन | | |
| | ट) परियोजना सुरक्षणका लागि बैंक जमानत | | |

| | | | |
|---|---|---|---|
| | ठ) सञ्चालन तथा मर्मत संभार सुनिश्चिता | | |
| | ड) परियोजनाको व्यवसायिक योजना | | |
| | ढ) आवेदक कम्पनीको कम्पनी प्रोफाईल | | |
| ३. | आवेदक कम्पनीको दर्ता प्रमाणपत्र | | |
| ४. | आवेदक कम्पनीको दर्ता नविकरण पत्र (२०७५/२०७६ सम्मको) | | |
| ५. | आवेदक कम्पनीको कर चुक्ता पत्र | | |
| ६. | साझेदारी/संयुक्त उपक्रम पत्र | | |
| ७. | अख्तियारनामा | | |
| ८. | कम्पनीको वित्तिय तथा प्रसाशनिक नीति, नियम, निर्देशिका आदिका प्रतिलिपिहरु | | |
| ९. | आ. ब. २०७४/२०७५ को लेखा परिक्षण प्रतिवेदनका प्रतिलिपिहरु | | |
| १०. | आवेदक कम्पनीको संस्थागत विवरणका प्रतिलिपिहरु | | |
| ११. | पेन ड्राईभमा ईलेक्ट्रोनिक प्रस्ताव (१ प्रति) | | |
| **प्रस्ताव पत्र पेश गर्दा कम्तीमा पनि माथि उल्लिखित जाँच सूचि अनुसारका कागजातहरु पेश गरेको हुनुपर्नेछ।** | | | |

**अनुसूचीः**

## अनुसूची १

## परियोजनाको प्राविधिक प्रस्ताव ढाँचा

### क. आधारभुत जानकारी

### क-१ परियोजना

| | |
|---|---|
| १. परियोजनाको शिर्षक : | |
| २. परियोजनाको अनुमानित लागत | |
| ३. प्रस्तावित अवधि | …वर्ष |
| ५. परियोजना सञ्चालन गरीने क्षेत्र | …………………पो.म. न पा, .कास्की |
| ६. परियोजनाले ओगट्न सक्ने कूल क्षेत्रफल | |

### क-२ आवेदक

| | |
|---|---|
| १. आवेदक कम्पनी | |
| आवेदकको सम्पर्क व्यक्ति : | |
| नाम : | |
| पद : | |
| ठेगानाः | |
| फोन नं. : | |

| | |
|---|---|
| फ्याक्स नं. : | |
| ईमेल : | |
| वेवसाईट : (यदि छ भने) | |
| २. संयुक्त उपक्रम रहेको भएमा संयुक्त उपक्रमको मुख्य सदस्यको विवरण : | |
| नाम : | |
| नागरिकता : | |
| फोन नं. : | |
| ईमेल : | |
| गृह जिल्ला : | |
| **नोटः संयुक्त उपक्रममा अन्य सदस्यको विवरण यसै ढाँचा अनुसार टेवल थप गरी पेश गर्नुहोस ।** | |

| | |
|---|---|
| दर्ता नं. | |
| दर्ता मिति: | |
| कुन कार्यालयमा दर्ता भएको: | |
| कुन जिल्लामा दर्ता भएको: | |
| नविकरण मान्य अवधि | |
| मूल्य अभिवृद्धिकर (VAT)/स्थायी लेखा नम्वर (PAN) | |

| |
|---|
| नोटः संयुक्त उपक्रममा अन्य सदस्यको कानूनी स्थिति यसै ढाँचा अनुसार टेवल थप गरी पेश गर्नुहोस । |

क

-३

आवेदक कम्पनीको कानूनी स्थिति **(legal status)**

क-४. आयोजना कार्यान्वयनको संक्षिप्त डिजाईनिङ र ईन्जिनियरिङ को वारेमा आधारभूत धारणा ( *आवश्यकता अनुसार पृष्ठ थप गर्न सक्नुहुनेछ )*

| |
|---|
| |

ख. परियोजनाको विवरण

ख १. पृष्ठभूमि, औचित्य र मूल समस्या पहिचान ( वढिमा ४०० शब्द नवढाई तपशिलका वुँदाहरु समेटेर लेख्नुहोस् )

- परियोजनाको परिचय
- परियोजनाको प्रस्तावित क्रियाकलापहरु : कहाँ, के गर्ने? कसरी ?
- परियोजना सञ्चालन क्षेत्र/भेग को परिचय , सानिसा र प्रस्तावित परियोजनाको सामञ्जस्यता
- परियाजनाको औचित्य
- प्रस्तावित परियोजना क्षेत्रको पर्यटकीय गतिविधि,वस्तुस्थिती र समस्या
- कसरी यो परियोजनाले समस्यालाई सम्वोधन गर्न सक्छ ?
- महानगरलाई स्थानीय श्रोत साधनको उपयोग गरी  राजश्व संकलनमा कसरी यो परियोजनाले टेवा दिन सक्छ?
- वातावरणीय दृष्टिकोण वाट यो परियोजना कत्तिको उपयुक्त छ ?
- स्थानीय स्तरमा कसरी रोजगारी सृजना गर्न सक्छ? अन्य साना तथा मझौला व्यवसायलाई कसरी प्रर्वद्धनमा सघाउ पुर्याँउदछ ?
- परियोजनाले अवलम्वन गर्ने नविनतम प्रविधि, सोच र क्रियाकलापहरु के के हुन सक्छन् ?
- परियोजनाको लक्षित समुह/हकवाला

**ख २. परियोजनामा निर्दिष्ट क्रियाकलापहरुको परिभाषा र व्याख्या ( प्रत्येक क्रियाकलापलाई बढिमा १०० शब्द नबढाई लेख्नुहोस् ) कृपया पोखरा महानगरपालिकाले तयार गरेको गुरु योजना अनुसार का क्रियाकलाप हरुलाई अनिवार्य र नविनतम अन्य आवश्यक क्रियाकलापहरु संलग्न गर्नुहोस् ( आवश्यकता अनुसार टेवल थप्नुहोस् )**

| **क्रियाकलाप नं १**: भ्यूटावर निर्माण (उदाहरणको लागि) |
|---|
| • कहाँ गर्ने, कसरी गर्ने , उपकरणको प्रयोग कस्तो हुने , क्षमता , खर्च अनुमान, , जोखिम र जोखिम व्यवस्थापन ,उपयोगिता, आम्दानी गर्ने उपाय, शुल्क उठाउने, राजश्व प्रक्षेपण आदि |

**ग. परियोजनाको उद्देश्य**

| |
|---|
| **परियोजनाको वृहत उद्देश्यः** |
| **परियोजनाको खास उद्देश्यः** |
| १. |
| २. |
| ३. |

**घ . विधी (Methodology ) बढिमा २०० शब्द नबढाई तपशिलका वुँदाहरु समेटेर लेख्नुहोस)**

- **तयारी तथा पृष्ठभूमि कार्यः**
